# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

---

काठमाडौं, आषाढ २७ गते २०२६ साल

---

श्री ५ को सरकार

### संचार मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सगरमाथा अञ्चल जिल्ला सिरहाको निम्नलिखित जग्गा माइक्रोवेभ तथा स्थानिय टेलिफोन एक्सचेन्ज योजनाको लागि प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गा-धनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुंदा यो सूचना प्रकाशित गरिएको छ ।

महिसोथा गा. पं. वडा नं. ३ को पूर्व जिल्ला पञ्चायत कार्यालय, पश्चिम वुधन ठाकुर सुम्रान ततमा र उचित वखरिया यादवको जग्गा, उत्तर गोडिया ततमा, पुलकित भिण्डिवार यादव र महावीर ततमाको जग्गा र दक्षिण धुरन यादव र जुगेश्वर ततमाको जग्गा यति ४ किल्लाभित्रको कित्ता नं. ११२ को जग्गा विगहा ०–५–१७ कित्ता नं. ११५ को पूर्व तर्फबाट विगहा ०–१–२ को कित्ता र कि. नं. ११८ को जग्गा विगहा ०–३–६ को कित्ता समेत गरी जम्मा मालपोत रू. २२।५५ (बाइस रूपैयाँ पचपन्न पैसा) पर्ने जम्मा विगहा ०–१०–५ (दश कट्ठा पाँच धुर) को कित्ता – – – – – – –१

आज्ञाले–

चित्रबहादुर के. सी.

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

९८५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।